# ए. पि.एफ. कमाण्ड तथा स्टाफ तालिमको प्रवेश परीक्षा सम्बन्धी कार्यविधि, २०७९ भएका मुख्य व्यवस्थाहरु

## (क) प्रवेश परीक्षा सम्बन्धी समय तालिका

- दरखास्त आव्हान मंसिर महिनाको पहिलो हप्तामा, प्रवेश परीक्षामा सहभागी हुने उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन मंसिर महिनाको चौथो हप्तामा र दरखास्त फाराम भरेका उम्मेदवारहरुलाई अनुशिक्षण कक्षा माघ महिनामा गरिने ।
- परीक्षा संचालन फाल्गुण महिनाको पहिलो हप्तामा र नतिजा प्रकाशन फाल्गुण महिनाको तेस्रो हप्ता गरिने।

## (ख) क्राईटेरिया

- खुला प्रतिस्पर्धाद्वारा सशस्त्र प्रहरी निरीक्षक पदमा नियुक्ति भएको न्यूनतम् ७ वर्ष अवधि पूरा भएको हुनुपर्ने ।
- सशस्त्र प्रहरी बल, नेपालमा खुला प्रतियोगिताद्वारा सशस्त्र प्रहरी निरीक्षक पदमा वि.सं. २०७१ साल चैत्र मसान्तसम्म नियुक्ति भएकाहरुको हकमा उमेर हद नलाग्ने ।
- सशस्त्र प्रहरी बल, नेपालमा वि.सं. २०७२ साल वैशाख १ गतेपछि खुला प्रतियोगिताद्वारा सशस्त्र प्रहरी निरीक्षक पदमा नियुक्ति भएकाहरुको हकमा परीक्षा संचालन हुने वर्षको बैशाख १ गतेसम्म ४० (चालीस) वर्ष ननाघेको हुनुपर्ने ।
- सशस्त्र प्रहरी बल, नेपालमा वि.सं. २०७२ साल वैशाख १ गतेपछि खुला प्रतियोगिताद्वारा सशस्त्र प्रहरी निरीक्षक पदमा नियुक्ति भएका विभागीय सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा परीक्षा संचालन हुने वर्षको वैशाख १ गतेसम्म ४५ (पैतालीस) वर्ष ननाघेको हुनुपर्ने ।

## (ग) उम्मेदवार सिफारिस विधि

- कम्तिमा साठी जना योग्य उम्मेदवारहरुको नामावली प्रवेश परीक्षामा सहभागिताका लागि सिफारिस गरिने ।
- प्रवेश परीक्षामा बढीमा ३ (तीन) पटकसम्म मात्र सहभागी हुन पाइनेछ तर यो कार्यविधि लागू हुनुभन्दा पहिले ३ (तीन) वा ४ (चार) पटक प्रवेश परिक्षामा सहभागी भएका अधिकृतहरुलाई अन्तिम मौका स्वरुप १ (एक) पटकको लागि वि.सं. २०७९ सालको प्रवेश परीक्षामा सहभागी गराइने ।

- उम्मेदवारहरुको नामावली सिफारिस गर्दा प्रवेश परीक्षामा सहभागी हुन दरखास्त फाराम भरेका उम्मेदवारहरु मध्येबाट ज्येष्ठताक्रमका आधारमा गरिने ।
- प्रवेश परीक्षामा सहभागी हुन दरखास्त दिने उम्मेदवारहरुको संख्या ६० (साठी) जना भन्दा कम भएमा तालिम गर्न बाँकी अधिकृतहरु मध्येबाट कार्यविधिमा उल्लेखित अवस्था बाहेकका अन्य अधिकृतहरुलाई ज्येष्ठताका आधारमा अनिवार्य रुपमा सहभागी गराई ६० (साठी) जना उम्मेदवारहरुलाई प्रवेश परीक्षामा सहभागी गराइनेछ।